# जगदुल्ला गाउँपालीका
# गाउँ कार्यापालिका कार्यालय
## माझगाउँ, डोल्पा
### कर्णाली प्रदेश, नेपाल

**कर्मचारी करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

प्रकाशन मितिः २०७७।०६।०४

प्रस्तुत विषयमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (NCCSP2) का लागि आवश्यक तपशिलका पदहरु करारमा पदपुर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | ०२।०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह | १ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम **(NCCSP 2)** |
| २ | ०३।०७७।०७८ | सामाजिक परिचालक | स्थानीय सेवाको पाँचौ तह | १ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम **(NCCSP 2)** |

**१. प्राविधिक सहायकको लागि**

क सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्रतह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

ख. **अनुभव र सिप**: प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तिमा तीन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाका लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सिप सहित कम्तीमा २ बर्षको कार्य अनुभव भएको ।
- उमेर १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।

**२ सामाजिक परिचालकको लागी**

क माध्यमीक शिक्षामा प्रविणता प्रमाण पत्र तह वा १०+२ पास भएको ।

ख **अनुभव र सिपः**- सामाजिक परिचालकमामा देहाय अनुभव र सिप आवश्यक पर्नेछ ।

- कम्तिमा तिन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- सामाजिक परिचालकको हकमा जलवायु परिवर्तन अनुकुलन तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको ।
- उमेर १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।

**३ दरखास्त दिने स्थान-**: जगदुल्ला गाउँपालिका माझगाउँ, डोल्पा ।

**४ दरखास्त दिने अन्तिम मितिः**- २०७७।६।१८ (कार्यालय समय भित्र) अन्तिम दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट ।

**५ छनौटको किसिमः**- प्रारम्भिक योग्यताको सुचि प्रकाशन र लिखित तथा मौखिक परिक्षा ।

६ **आवेदन दस्तुर**: रु ७००।

७ **आवेदनसाथ संलग्न कागजपत्रः**-आवेदक स्वयम्ले प्रमाणीत गरेको देहाय बमोजिमको कागजपत्रको प्रतिलिपी

- नेपाली नागरिकता
- न्युनतम शैक्षिक योग्यताको लव्धांक प्रमाण पत्र र चारित्रिक प्रमाण पत्र
- अनुभव खुलेको प्रमाण पत्र पासपोर्ट साईजको फोटो २ प्रति
- आवश्यक वैयक्तिक बिवरण (CV)

**८ सेवा सुविधाः**- गाउँपालिकामा पदपुर्ति सम्वन्धिको प्रकृया तथा मापदण्ड बमोजिम हुने छ ।

**९ पदले सम्पादन गर्नु पर्ने कार्यविवरणः**- गाउँपालिकाले दिएको कार्यविवरण बमोजिम हुने छ ।

**नोटः** प्रारम्भिक योग्यताक्रमको सुचिमा छनौट भएका उम्मेदारहरुलाई मात्र लिखित परिक्षामा समावेश गरिने छ ।

सामाजिक परिचालक र प्राविधिक सहायकमा रहने वैकल्पिक उम्मेदवारलाई गाँउपालिकाले अन्य मिल्दो पदमा काममा लगाउन सक्नेछ ।

छनौट प्रकृयासँग सम्बन्धित थप जानकारीको लागि गाँउपालिकाको सुचना पाटी वा www.jagadullamun.gov.np बाट हेर्न सकिनेछ ।

*सामाजकि परिचालकको हकमा महिला, दलित, आदिबासी जनजातीलाई छनौट प्रक्रियामा बिशेष प्राथमिकता दिईनेछ ।*

केशबराज जैसी
नि. प्रमुख प्रशासकिय अधिकृत
छनोट तथा पदपुर्ति समिति अध्यक्ष